दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ५९ | बुटवल | २०८१ फागुन १०, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Feb. 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# रकम नपाएपछि स्वास्थ्य बिमासेवा कटौती

**स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल नै स्वास्थ्य बिमाको रकम भुक्तानी दिन सम्भव नभएको बताएपछि देशभर सेवा कटौती हुने देखिएको छ।**





राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान
Rapti Academy of Health Sciences
(राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ अन्तर्गत स्थापित)
Ghorahi, Dang, Nepal

प.स. ०८१/०८२
च.नं. ७०१

मिति:- २०८१/११/०९

अत्यन्त जरुरी सूचना ।

नेपाल सरकारले संचालन गरेको स्वास्थ्य बीमा कार्यक्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले सक्रिय योगदान गरिहरेको अवस्थामा बिमित बिरामीलाई औषधी उपलब्ध गराउन र विभिन्न जाँचहरु गर्न आवश्यक केमिकलहरु खरिद गर्न प्रतिष्ठानमा सिर्जना भएको दायित्व ११ करोड भन्दा बढी रहेको र बीमा बोर्डबाट उक्त रकमको भुक्तानी कहिले हुने भन्ने अनिश्चित रहेको हुँदा सर्बसाधारण एवं सरोकारवालाहरुलाई मिति २०८१ फाल्गुन १८ गते देखि बीमा अन्तरगतको औषधी वितरण ३ महिनाबाट १ हप्तामा सिमित गरिने, प्रयोगशाला तथा रेडियोलोजीका जाँचहरु स्थगित गरिने व्यहोरा यस प्रतिष्ठानको मिति २०८१/११/०९ गतेको निर्णयानुसार सर्वसाधारण एवं सरोकारवालाहरुलाई सूचित गरिन्छ ।

डा. जनार्दन पन्थी

**लुम्बिनी संवाददाता**
*बुटवल*

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङले स्वास्थ्य बिमाको भुक्तानी नभएको भन्दै बिमा सेवा कटौती गरेको छ। प्रतिष्ठानले शुक्रबार एक सूचना जारी गर्दै तीन महिनासम्म पाउने औषधिलाई एक हप्तामा सीमित गरेको छ।

साथै प्रयोगशाला र रेडियोलोजी जाँच पनि स्थगित गरेको छ। प्रतिष्ठानले दाबी गरेअनुसार बीमाले ११ करोड भुक्तानी गर्न बाँकी छ।

'बिमित बिरामीलाई औषधि उपलब्ध गराउन र विभिन्न जाँच गर्न आवश्यक केमिकल खरिद गर्न प्रतिष्ठानमा समस्या भइरहेको छ,' सूचनामा भनिएको छ- 'बिमा बोर्डबाट ११ करोड दिन बाँकी रहेको भुक्तानी पनि कहिले आउने हो भन्ने अनिश्चित भएकाले सेवालाई स्थगित गरिएको छ।'

यसअघि त्रिवि शिक्षण अस्पतालले पनि भुक्तानी नपाएको भन्दै बीमा सेवा ५ महिनासम्म बन्द गरेको थियो। पछि बिमा बोर्डले भुक्तानी केही समयमै दिने आश्वासन दिएपछि सेवा सुचारु गरेको छ।

कतिपय स्वास्थ्य संस्थाहरूले समयमै सरकारले भुक्तानी दिन नसकेको भन्दै सेवा बन्द गर्ने चेतावनी दिइरहेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल गत आइतबार नेपाल औषधि थोक व्यवसायी संघको दोस्रो राष्ट्रिय महाअधिवेशनमा स्वास्थ्य बिमाको भुक्तानी दिन सम्भव नभएको बताएका थिए। उनले स्वास्थ्य बिमाको रकम भुक्तानी नहुने नै बताएका थिए।

सरकारले पछिल्ला वर्षमा वार्षिक स्वास्थ्य बिमाका लागि ७ अर्ब ५० करोड दिँदै आएको छ। तर यस वर्ष ४५ अर्बभन्दा बढी रकम भुक्तानी गनुपर्ने अवस्था रहेको उनले जानकारी दिए।

अघिल्लो वर्षको बक्यौता मात्रै १६ अर्ब रहेको र यो वर्ष खर्च गर्न पाउनुपर्ने सबै रकम अघिल्लो वर्ष नै खर्च भइसकेको उनी बताउँछन्।

अस्पतालले नागरिकलाई अनावश्यक परीक्षण र औषधि खरिद गर्न लगाएर पैसा सकाइदिएकाले स्वास्थ्य बीमा सेवा चल्न मुशिक्ल रहेको मन्त्री पौडेलको भनाइ छ।

पूर्व स्वास्थ्यमन्त्री गगन थापाको कार्यकालमा स्वास्थ्य बिमा ऐन आएको उल्लेख गर्दै त्यसको दुई वर्षसम्ममा बिमा कार्यक्रम व्यवस्थित सञ्चालन भए पनि अहिले व्यवस्थित हुन नसकेको मन्त्री पौडेलले स्वीकारे।

स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गर्नका लागि दुई चरणमा काम भइरहेको स्वास्थ्यमन्त्री पौडेलले बताए। तलब खाने नागरिक, कर तिर्ने नागरिक, प्रिमियम गर्ने नागरिक र प्रिमियम पनि तिर्न नसक्ने नागरिकगरी नागरिकलाई चार प्रकारमा विभाजन गरेर बिमा कार्यक्रमसँग जोड्नुपर्ने मन्त्री पौडेलको प्रस्ताव छ।

## जलहरीमा भ्रष्टाचार भएको दाबीसहित सर्वोच्चमा पुनरावेदन

बुटवल। पशुपतिनाथको गर्भगृहमा सुनको जलहरी राख्ने क्रममा भ्रष्टाचार भएको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

विशेष अदालतको फैसला त्रुटिपूर्ण भन्दै अख्तियार सर्वोच्च पुगेको हो।

अख्तियारले २०८० असोज १४ गते पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्यसचिव डा.प्रदीप ढकाल र पूर्वकोषाध्यक्ष एवम् तत्कालीन सदस्यसचिव डा मिलनकुमार थापासहित तीनजनाविरुद्ध सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा मुद्दा दर्ता गरेको थियो। कोषका बिसेट नाइके (स्टोर किपर) अरुण कुमार श्रेष्ठ पनि अभियुक्त थिए।

जलहरी राख्ने क्रममा ढकाल र थापासमेतको निर्देशनमा गर्भगृहमा रिङ जडान गरेपछि बाँकी सुन राख्ने क्रममा बिनामुचुल्का अनधिकृतरूपमा प्रयोग गरेको बयान उनीहरूले नै दिएको अख्तियारले अभियोगपत्रमा उल्लेख गरेको थियो।

जलहरी निर्माणका क्रममा हानिनोक्सानी भएको १४ सय ९१.७१८ ग्राम सुनको नेपाल राष्ट्र बैंकसँग किनेको मूल्यमा पर्न आउने १ करोड १७ लाख १ हजार ७ सय ८१ रुपैयाँबराबर हिनामिना गरेको अख्तियारको अनुसन्धानले देखाएको थियो।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्य मुरारीबाबु श्रेष्ठको इजलासले तीनै जना अभियुक्तलाई गत बैशाख १८ गते पूर्णरूपमा सफाइ दिएको थियो।

तर, अख्तियारले उक्त फैसला चित्तबुझ्दो नभएकाले सर्वोच्चमा पुनरावेदन गरेको जनाएको छ। उक्त घोटालामा अभियुक्तहरू ढकाल, थापालगायतको प्रत्यक्ष भूमिका रहेको पुष्टि भइरहेको अवस्थामा त्यसतर्फ अन्देखा गरी फैसला भएको र उक्त फैसला त्रुटिपूर्ण रहेको अख्तियारको दाबी छ।

जलहरिमा सुनको जलप लगाउने प्रस्ताव २०७० सालमै गरिएको थियो। डा. टण्डन सदस्य सचिव भएकै समयमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालासमक्ष समेत सुनको जलहरि बनाउने प्रस्ताव लगिएको थियो। तर स्थानीयले विरोध गरेपछि सरकार पछि हटेको थियो।

त्यसपछि राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रस्ताव पुऱ्याइएको थियो। पहिले नै विरोध भएको भन्दै राष्ट्रपति कार्यालयले समेत रोकेको थियो। २०७८ सालमा प्रतिनिधिसभा विघटन गरेर निर्वाचन घोषणा गरेको अवस्थामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली पशुपतिनाथ मन्दिर पुगेर दर्शन गरेपछि मन्दिरमा सुनको जलहरी राख्न ३० करोड रुपैयाँ दिने घोषणा गरेका थिए।

लगत्तै पशुपति क्षेत्र विकास कोषको बैठक बसेर पशुपतिनाथ मूल मन्दिरअघिको बसाहा र छानामा पनि सुनको जलप लगाउने निणर्य गरेको थियो।

## पूर्वराजालाई नारायणहिटी लैजान्छौं : लिङ्देन




पोखरा। पूर्वराजा ज्ञानेन्द्र शाहले गरेको आह्वानलाई साथ दिँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सडकमा निस्किएको छ। शुक्रबार पोखरामा राप्रपाले राजसंस्था पुनःस्थापनको मागसहित विशाल ऱ्याली आयोजना गरेको छ। राप्रपाको विरोधसभा पूर्वनिर्धारित नै थियो। तर, पूर्वराजाले प्रजातन्त्र दिवसको अवसरमा गरेको सम्बोधनपछि आमसभामा जनमानसको उल्लेख्य सहभागिता भएको छ। ऱ्यालीमा पार्टीका हस्ती नेताहरूको सहभागीता थियो। अध्यक्ष लिङ्देनले राप्रपा अब सडकमा आएको र नयाँ चरणको आन्दोलनको सुरूवात भएको उद्घोष गरे।

राजाको आह्वानलाई मजबुत बनाएर लैजाने निर्णय पार्टीले निर्णय गरेको उनले उल्लेख गरे।

लिङ्देनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई निर्मल निवासबाट डोहोऱ्याएर नारायणहिटी पुऱ्याउने उद्घोष गरे। उनले कांग्रेस र एमालेलाई आत्मालोचनासहित नवीन समझदारीमा आउन आह्वान गरे।

विरोधसभामा बोल्दै लिङ्देनले पूर्वराजा ज्ञानेन्द्रले हालै गरेको आह्वानलाई सबै जनताले साथ दिनुपर्नेमा जोड दिए।

आफूहरूले पछाडि फर्किने कुरा नगरेको लिङ्देनले बताए। हिजो र आजका राम्रा कुराहरू समेटेर सबै पक्ष अटाउने व्यवस्थामा जानुपर्ने उनको मत छ।

राजाको अभिभावकत्वमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्थामा जानुपर्ने प्रस्ताव उनले अघि सारेका छन्। यो विश्वमै एउटा मौलिक प्रयोग हुने उनको भनाइ छ।

उनले अगाडि थपे-'निर्मल निवास र नारायणहिटीको दुरी कति छ ? जसरी तपाईंहरूले राजालाई जबरजस्ती विस्थापित गर्नुभयो, हामी निर्मल निवासबाट डोहोऱ्याएर नारायणहिटीबाट पुर्याउन तयार छौं। त्यसबेला कुनै शक्तिले रोक्न सक्दैन। यसलाई सामान्य कुरा नसम्झिनुहोला।'

## 'सरकार अध्यादेशको पासोमा'

बुटवल। नेकपा (माओवादी केन्द्र)ले सरकार अध्यादेशको पासोमा परेको टिप्पणी गरेको छ।

शुक्रबार पार्टी कार्यालय पेरिसडाँडामा पत्रकार सम्मेलन गर्दै माओवादी प्रवक्ता अग्निप्रसाद सापकोटाले संसद् बोलाएको २१ दिनमा अध्यादेश अघि बढ्न नसकेको र सदनको काम शून्य भएकाले सरकार अध्यादेशको पासोमा परेको टिप्पणी गरेका हुन्।

सबैभन्दा बढी प्रभावकारी हुनुपर्ने संस्था संसद भए पनि आरोप-प्रत्यारोपको थलो बन्न पुगेको उनले बताए। प्रवक्ता सापकोटाले दुईतिहाइको कुरा गर्ने सरकारले अध्यादेशबाट शासन चलाउन खोजेको आरोप लगाए। सरकारले ल्याएको अध्यादेश समेत निश्चित वर्ग र घरानालाई फाइदा हुनेगरी आएको समेत बताए।

सापकोटाले सरकारका सबै क्रियाकपाल हेर्दा ठूला दुई दल मिलेर बनेको सरकार तानाशाहीकरणतर्फ उन्मुख रहेको जिकिर गरे। सरकारको क्रियाकलापविरुद्ध बोल्न पाउने नागरिकको अधिकारलाई समेत कुन्ठित गर्ने काम सरकारले गर्न खोजेको उनको भनाइ थियो।

उनले प्रतिगमनको खतराविरुद्ध खबरदारी गर्दै संविधानको रक्षा गर्न माओवादी जनतातर्फ फर्किएको जिकिर गरे। जनस्तरमा संगठन सुदृढीकरणका लागि जनतासँग माओवादी अभियानअन्तर्गत फागुन १२ गते झापाबाट सुरु गरी चैत्र ८ गते कञ्चनपुरमा गएर समापन हुने उनले जानकारी दिए।

उक्त अभियान सम्पन्न भएपछि मध्यपहाडी लोकमार्ग दुईमहिने अभियान सञ्चालन हुने प्रवक्ता सापकोटाले बताए। सो क्रममा भ्रष्टाचारीलाई संरक्षण गर्ने सरकारी प्रवृत्तिको विरोध र भण्डाफोर गर्ने उनको भनाइ छ।

उनले ढिलो नगरी सवै पार्टीसँग छलफल गरी सरकारले विश्व दृष्टिकोण तयार गर्नुपर्ने धारणा राखे। वर्तमान सरकारको कुशासनले गर्दा पूर्वराजाले व्यवस्थाविरुद्ध बोल्ने अवस्था सिर्जना भएको जिकिर गरे। मुलुकमा राजा फर्कने कुरा शतप्रतिशत असम्भव रहेको उनले बताए।

## एक्स्ट्राटेकमा पीएम कपका १५ खेल हुने



तिलोत्तमा। तिलोत्तमाको एक्स्ट्राटेक ओभल क्रिकेट स्टेडियममा प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताका १५ खेल हुने भएका छन्। लुम्बिनी प्रदेशका विभन्न स्थानमा हुने प्रतियोगिता फागुन २५ देखि चैत १६ गतेसम्म हुनेछ।

नेपाल क्रिकेट संघ (क्यान) ले शुक्रबार खेल तालिका सार्वजनिक गर्दै एक्स्ट्राटेकमा १५ खेल हुने जानकारी दिएको हो। क्यानकाअनुसार सिद्धार्थ रंगशालामा फाइनलसहित १७ र दाङको लमही अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा १४ खेल हुनेछन्।

प्रतियोगितामा कोशी, मधेश, बागमती, सुदूरपश्चिम, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशले सहभागिता जनाउने छन्।

यस्तै, तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र एपिएफले पनि सहभागिता जनाउने छन्।

एक्स्ट्राटेकमा विभिन्न प्रतियोगिता भइसकेको भए पनि सरकारी तहको सिनियरस्तरको भने पहिलोपल्ट हुन लागेको हो।

प्रतियोगिताको फाइनल खेल चैत १६ गते सिद्धार्थ रंगशालामा हुनेछ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ फागुन १०, गते शनिबार

तपाईका लागि...

## बिट्विन द लाइन्स्...

ज्यादै थाकें हे ईश्वर !
भेडो बनाऊ मलाई ।
यो शिरको धराप– जो हो मेरो घर
यो विचारको सराप–
यो जान्नाको पाप–
यो अन्तःकरणको हृदय–ज्वालक नाप
यो खसुँला भन्ने तीन किसिमको ताप
यो चढ्ने रवाफ !
यो जवाफदेहीको अभिशाप ।

– महाकवि लक्ष्मीप्रसाद देवकोटा

# डार्विन र डार्विनवाद

**डा. तीर्थबहादुर श्रेष्ठ**

*(सन् १८०९ फेब्रुअरी १२ मा जन्मिएका चार्ल्स डार्विनको विकासवादी सिद्धान्तले युगलाई नयाँ दिशा देखायो । डार्विनको विकासवादी सिद्धान्तले प्रकृति विज्ञानमामात्र नभएर सामाजिक विज्ञानको क्षेत्रमा पनि महत्त्वपूर्ण प्रभाव पारेको छ । डार्विनको जन्मदिवसको अवसरमा वनस्पतिविद् डा.श्रेष्ठले लेख्नुभएको यो लेख सामान्य सम्पादनसहित प्रकाशित गरिएको छ ।)*

विभिन्न प्राणी र वनस्पतिका अवशेष सुरक्षित भएका पाषणहरूको क्रमबद्ध र लगातार अध्ययन गर्ने प्रथम पुरुष थिए, डार्विन । उनी विभिन्न युगका मानव खप्पर वा बाँदरका हाडखोडका अवशेषहरूको अध्ययन गरेर वर्तमान मानिसका पुर्खालाई बाँदरवंशसँग जोड्न सफल भएका थिए ।

जीवजगतको सृष्टि र त्यसको रहस्यसम्बन्धी विश्व चिन्तनलाई नयाँ दृष्टि दिने विद्वानहरूको स्मरण गर्दा बेलायतमा जन्मेका चार्ल्स डार्विनको नाम अग्रपङ्क्तिमा आउँछ । हामी ती विद्वानको कदर गरौं, र उनका देनहरूको समीक्षा गरौं, चिन्तन गरौं र मनन गरौं । विद्वानलाई पुज्ने हराम्रो संस्कारै हो । भनिएको पनि छ, “स्वदेशेपूज्यते राजा, विद्वान् सर्वत्र पूज्यते ।”

‘क्रमबद्ध विकास नै सृष्टिको मूल आधार हो’ भन्ने डार्बिनको खोजको निष्कर्षले इसाई धर्मावलम्बीहरूको त्यति बेलाको मान्यता र आस्थामा ठूलो धक्का पुऱ्यायो । करिब ६,००० वर्ष पहिले लगभग ६ दिनभित्र मान्छेलगायत सबै चराचरको सृष्टि ईश्वरले गरेका हुन् भन्ने बाइबलको कथन छ । समयको अन्तरालसँग त्यहाँ सृष्टिको कुनै सम्बन्ध देखिँदैन । डार्विनले आफ्नो ठम्याइ हिन्दू धर्मावलम्बी नेपालीमाझ राख्न पाएका भए शायद उनले खेप्नुपरेको जस्तो विरोध आइपर्ने थिएन होला । बरु, विष्णुका अवतारहरू (मत्स्य, कुर्म, वराह, वामन र पछि मात्र मानव आकृतिमा रामको अवतरण) लाई वैज्ञानिक आधार मिल्न गएको ठानी हिन्दू समुदायले उनलाई धन्यवाद नै पो दिन्थ्यो कि !

**प्रकृति किताबः डार्विन शिष्य**

प्रकृतिको सच्चा शिष्य नै सफल स्रष्टा बन्न सक्छ भन्ने उदाहरण डार्बिनको जीवनीबाट प्रस्ट हुन्छ । उनले प्रकृतिलाई एउटा बृहत् पुस्तकको रूपमा पढ्न सके । प्रकृतिले पस्केका पाठहरू सिक्दै जाँदा उनलाई ज्ञान प्राप्त भयो । त्यही ज्ञानलाई व्यवस्थितरूपले सँगालेर उनी एक महान् वैज्ञानिक बने । डार्विनले आफ्ना प्रामाणिक तथ्यहरू प्रकृतिकै अभिलेख अर्थात् रेकर्डहरूको अध्ययन गरेर जुटाए । उनले लाखौं वर्ष पहिले लोप भइसकेका जीवावशेष अध्ययन गरेर वर्तमानको व्याख्या गर्न संसारलाई बाटो देखाए ।

वास्तवमै प्रकृति एउटै किताब हो, पाठशाला हो, प्रयोगशाला हो र एउटा ध्यानकेन्द्र पनि हो । प्रकृतिबाटै सिद्धार्थगौतमले ज्ञान प्राप्त गरे र हामीले बुद्ध पायौं । पृथ्वी रग्रहगण तारामण्डलको अध्ययन गरी निकोलस कपरनिकसले निष्कर्ष निकाले– पृथ्वी चेप्टो होइन,गोलो छ र बिहान उदाएर साँझ अस्ताउने सूर्यले पृथ्वीलाई परिक्रमा गर्ने होइन, बरु पृथ्वीले सूर्यलाई परिक्रमा गर्छ । बिहान हुनु र साँझ हुनु पृथ्वीको गोलाकार र यसको दैनिक चालको प्रतिफल रहेछ भन्ने सत्य उजागर नभएको भए आज न कोही अन्तरिक्ष पुग्न सक्थे, न कसैका हातमा मोबाइल फोन हुन्थ्यो । प्रकृतिको यथार्थलाई नबुझ्नेसम्म मानिस मात्र होइन, ज्ञान, विज्ञान र प्रविधिले पनि आफ्नो बाटो पहिल्याउन सक्तैन ।

प्रकृतिका पानाहरू पढ्न प्रेरणा दिने पिताका रूपमा भारतका पण्डित जवाहरलाल नेहरूले आफ्नी १० वर्षीया छोरी इन्दिरा (गान्धी)लाई लेखेका चिठीहरूको सँगालो २००८/०९ तिरै हाईस्कूलमा पढ्नुपर्दथ्यो । नदीछेउ बगरमा रहेको एकगोलो चिप्लो ढुङ्गाले कति धेरै इतिहास बताउँछ भन्ने त्यहाँ उल्लेख थियो । विद्यार्थी बेलाको त्यो शिक्षाले, २०२१ सालमा मुस्ताङ भ्रमणको बेला कालीगण्डकीको किनारामा पाइएका शालिग्राम देख्दा मलाई झस्काएको थियो । समुद्रको पिँधमा थेग्रिएर पत्थर बनेका जलचरका ती अवशेष सागरदेखि सगरसम्म कसरी आइपुगे होलान् ? जँड्याहाले रित्याएर घोप्टाएको गिलासझैं समुद्रको पीँध कसरी हिमालको टाकुरा हुन पुग्यो ? यस्तै यस्तै प्रश्नको उत्तर खोज्दै वैज्ञानिकहरूले हिमालयको उत्पत्तिबारे नयाँ निर्क्योलहरू खडा गरेका छन् । करिब चार करोड वर्ष पहिले हिमालय पर्वत उठ्न थालेको अनुमान गरिन्छ । त्यति बेलादेखि नै कालीगण्डकी नदीले जमिन काट्ने र जमिन थप माथि उठ्दै जाने क्रमसँग सँगै चल्दाचल्दा आज अन्नपूर्णा र धवलागिरिको बिचमा विश्वकै सबभन्दा गहिरो (लगभग ५,००० मिटर) गहिरोगल्छी निर्माण भएको छ । यस्ता कुरा अध्ययनका लागि प्रकृतिले प्रत्येक पत्थरमा भौगर्भिक घडी जडिदिएको छ । वैज्ञानिकहरू आज कार्बन तत्वको रेडियोधर्मी गुणको परीक्षणबाट विभिन्न चट्टान र तिनमा रहेका जीव अवशेषका युग पत्ता ल गाउँछन् । विभिन्न प्राणी र वनस्पतिका अवशेष सुरक्षित भएका पाषणहरूको क्रमबद्ध र लगातार अध्ययन गर्ने प्रथम पुरुष थिए डार्विन । उनी विभिन्न युगका मानव खप्पर वा बाँदरका हाडखोडका अवशेषहरूको अध्ययन गरेर वर्तमान मानिसका पुर्खालाई बाँदरवंशसँग जोड्न सफल भएका थिए । यसै गरी अध्ययनकै क्रममा हाल आएर वैज्ञानिकहरू पृथ्वीमा जीवप्राणीको अस्तित्व ३ अर्ब ५० करोड वर्ष पहिलेका पत्थरहरूमा पाइएको दाबी गर्दछन् । इसाई धर्मग्रन्थले मानेको मात्र ६,००० वर्ष पहिलेको सृष्टि सिद्धान्तलाई प्रकृतिको किताबले असत्य सावित गरेको छ ।

**डार्विनले के भने त ?**

डार्विनको मूल कृतिको शीर्षक छः प्राकृतिक छनोटका आधारमा जीव प्रजातिको उद्भव (अन द ओरिजिन अफ स्पेसिज बाइ मिन्स अफ नेचुरल सेलेक्सन । यो पुस्तकले आजभन्दा १५० वर्ष पहिले (सन् १८५९) विश्वमा नयाँ तहल्का मच्चाएको हो । यता लगभग त्यही ताका (सन् १८५८) अंग्रेज सरकारसँग सम्झौता गरी ‘नयाँ मुलुक’ (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) नेपालमा जोडेर जङ्गबहादुर आफ्नै तहल्का मच्चाउँदै थिए । ती दुवै तहल्का आजसम्म उत्तिकै स्थिर छन् । डार्विनको त्यो विचार र नेपालको त्यो सिमाना अझैं कायमै छ । त्यत्तिकै शाश्वत र सत्य छ । जीवात्माहरूको विकास मा प्रकृतिको रहस्यलाई डार्बिनले तीन बुँदामा बाँधिदिएका थिएः १) अस्तित्वका लागि सबै जीवात्माले संघर्ष गर्नु पर्ने हुन्छ, २) प्रकृतिले सबभन्दा सक्षमलाई चयन गर्छ र ३) समय र परिस्थिति सापेक्ष परिवर्तनबाट नयाँ प्रजातिको उद्भव हुन्छ ।

आज पृथ्वीतलका कुनै पनि सजीव जलचर, स्थलचर, नभचर र अन्य चराचरहरू एकअर्कासँग शतप्रतिशत मिल्दैनन् । उस्तै लाग्दालाग्दै पनि केही न केही भिन्नता भई नै हाल्छ । तर पनि उनीहरू सबैको आपसमा वंशाणुगत सम्बन्ध हुन्छ नै । किनभने सबैको उद्भव एकै पुर्खाबाट भएको हो । डार्विनको यो विचार र विश्वासलाई लगभग एक सय वर्षपछि वैज्ञानिकहरू रासायनिक आधारमा समेत स्थापित र थप पुष्टि गर्न सफल भए । त्यो रसायनको नाम हो डिअक्सिराइवो न्यूक्लिक एसिड (डिएनए) । सुक्ष्म प्राणी, वनस्पति, कीटाणु वा ब्याक्टोरिया देखि ह्वेल र हात्तीका प्रत्येक जीवकोषमा यो रसायनतत्व हुन्छ । सम्पूर्ण जीवधारी प्राणी वा वनस्पतिको यो साझ जीवनाधार हो । यसको आफ्नै विचित्रको स्वरूप हुन्छ । जस्तै कुनै दुई व्यक्तिको औंठाछाप आपसमा ठ्याम्म मिल्दैन, त्यस्तै प्रत्येक डिएनएको आकृति र स्वरूप पनि अद्वितीय प्रकारको हुन्छ । कुनै पनि दुई व्यक्ति एकै हुँदैन भन्ने सिद्धान्तमा विश्वास गरिएको कारण हामी औंठाछाप प्रयोग गर्द छौं । त्यो कुरा डार्विनभन्दा धेरै अघिबाटै प्रचलनमा रहिआएको हो । डार्विनले त्यही विभेद (भेरिएसन) लाई नयाँ प्रजाति उद्भव हुने कारकको रूपमा प्रस्तुत गरे ।

**जीवनको क्रमिक विकास**

कुनै देउरालीको बूढो पीपलको फेदको चोतारोमा घोत्लिएर सय, डेढ सय वर्षको समयचक्रलाई पछाडि फर्काएर सोच्यौं भने त्यस विशाल वृक्षको प्रारम्भएउटा सूक्ष्म बीउको दानाबाट भएको स्पष्ट हुन्छ । त्यस पीपलका हजारौं पात, सयौं हाँगाबिँगा र हजारौं फलको सङ्ख्या समयको अन्तरालमा क्रमिक रूपमा बढ्दै गएको हो भन्ने पनि सहजैसँग थाहा हुन्छ । त्यसै गरी, आज अस्तित्वमा रहेका पृथ्वीका पाँच करोडभन्दा बढी जीव-प्रजातिहरूको उद्गम कालचक्रलाई ३ अर्ब ४० करोड वर्षपछाडि फर्काएर हेर्दा सबै जीव-प्राणीको एउटा साझ पुर्खा फेला पार्न पुग्छौं । त्यो साझ पुर्खा, अति सुक्ष्म, एउटा मात्र कोषले निर्माण भएको सामुद्रिक जलजीव हुन्छ । कालान्तरमा यस्ता जीवात्माबाट धेरै कोष भएका शरीरको विकास भयो । त्यसपछि जेलिफिस जस्ता हाडखोड नभएका नरम प्राणीले अवतार पाए र लाखौं होइन करोडौं वर्षपछि हाड भएका माछा प्रजाति पनि विकास हुन थाले । जलचरहरूको सङ्ख्या बढ्दै गएपछि केही प्राणी र वनस्पति भू-स्थलतिर प्रवेश गर्न थाले । यो क्रमसँगै जल र स्थल दुवैमा बाँच्न सक्ने उभयचरको विकास र विस्तार भयो । सरिसृप प्राणीको बाहुल्य भएर डायोनोसरहरूको प्रभुत्व जम्न गयो । पृथ्वीको वातावरणमा ठूलो फेरबदल आएपछि डायोनोसर आदिको लोप भयो र स्तनधारी प्राणीहरूको प्रादुर्भाव भयो । यही क्रममा, आजभन्दा ७० लाख वर्ष पहिले निर्माण भएका केही अवशेषको अध्ययनले मान्छेको वंश अफ्रिकी बाँदर प्रजातिसँग जोडेको हो । आज, आएर डीएनएको अध्ययनले हामी मानिस प्रजातिको सबभन्दा नजिकको नातेदार चिम्पेन्जी बाँदरहरू रहेको देखाएको छ । मानिस र चिम्पेन्जीको समान ता शारीरिक बनोट र डीएनएको संरचनामा मात्र नभई उनीहरूको बानीव्यहोरामा पनि छ भन्ने कुरा पनि उजागर भएको छ । यी दुवै प्राणी (चिम्पेन्जी र मान्छे) आफूसँग नभएका वस्तुभन्दा आफूसँग भएका वस्तुलाई बढी माया गर्छन् र छोड्न चाहँदैनन् । यो कुरा विशेष गरेर खाने कुरा तथा प्रेमालापसँग सम्बन्धित पक्षमा धेरै लागू हुन्छ भन्ने तथ्या हालै प्रकाशित एउटा अध्ययनले (द इकोनोमिस्ट, ७ फेब्रुअरी २००९) इङ्गित गरेको छ ।

जीव-वृक्षको कालचक्र केलाउँदा आज कालीगण्डकीमा भेटिने शालिग्राम क्याम्ब्रियन युगमा (५० करोड वर्ष पहिले) अस्तित्वमा थियो । माछा प्रजातिको उद्भव त्यसको २० करोड वर्षपछि मात्र हुनसक्यो । पृथ्वीको जलवायु र वातावरणसँग आत्मसात् गर्दै आजसम्म पनि माछाका हजारौं प्रजाति जीवित छन् । माछापछि उभयचर (भ्यागुता प्रजाति), अनि सरिसृप (कुर्म) र सरिसृपबाट एक हाँगा स्तनधारी र अर्को हाँगा पक्षीतर्फ विकास भएको कुरा प्राणीका अवशेषहरूको अध्ययनबाट प्रमाणित भएको छ । एवंरीतले, विभिन्न प्राणीहरू आजको रूपमा आइपुग्नुअघि ती र तिनका परापुर्खा पहिले कस्ता थिए भन्ने खोजको क्रम अझैं जारी छ । वस्तुतः डार्बिनको अवधारणा अनुसार प्राणीको वंशवृक्षलाई आधार नमान्ने हो भने हराम्रो प्राकृतिक विज्ञानको अध्ययन र अनुसन्धानले सही बाटो लिनै सक्दैन । विशेष गरेर कृषिविज्ञान, वनविज्ञान, आयुर्विज्ञान र हालमा आएर जैविक प्रविधिसमेत मूलतः डार्विनको विचारबाट प्रभावित छन् । भविष्यको क्षितिजमा मानव को स्थान के हुने हो भन्ने दिशातिर सोच्न पनि डार्विनवादले बाध्य गराउँदछ ।

**प्रकृतिको चयन प्रक्रिया (नेचुरल सेलेक्सन)**

“मान्छे सबै एउटै रगतका विचार किन बेग्लाबेग्लै, सबको एउटै ईश्वर हो तर मूर्ति किन बेग्लाबेग्लै” भन्ने एउटा लोकप्रियगीत अरुणा लामाको स्वरमा सुन्न पाइन्छ । बेग्लाबेग्लै विचारहरूमध्येबाट कुन वा कस्तो विचार टिप्ने र बेग्लाबेग्लै मूर्तिमा कुनचाहिँ मूर्ति छान्ने भन्ने कुरा प्रकृति आफैँले निर्धारण गर्छ भन्ने डार्बिनको अवधारणा हो । डार्विनको यो क्रमिक विकास वादी सिद्धान्त भौतिक संरचनामा आधारित छ । मानिसको मस्तिष्कको आकार प्रकारको विकास मा उनले ठोस प्रमाणहरू जुटाएका छन् । तर विचार को विकासमा डार्बिनको सिद्धान्त कत्तिको लागू हुन्छ त्यो चाहिँ अझैं पनि भविष्यकैगर्भभित्र रहेको छ ।

प्रत्येक जीवात्मामा आफ्नै केही भेद परिवृत हुन्छ भन्ने डार्विनको विश्वास थियो । हरेक जीवात्मा अन्तर्निहित यस्तै भेद वा विविधताले गर्दा जीवन संग्राममा कसैको विजय र कसैको पराजय हुन्छ । जजसले समय र परिस्थिति अनुकूल आफूलाई बदल्न सक्छन् तिनलाई प्रकृतिले पनि साथ दिन्छ । प्रकृतिको चयनमा तिनले नै प्राथमिकता पाउँछन् र तिनको वंशले निरन्तरता पाएर कालान्तरमा नयाँ प्रजातिसमेत पैदा हुन पुग्छन् ।

सिद्धार्थगौतमलाई पीपलको बोटमुनि बसेर ध्यान गर्दा बुद्धत्व (ज्ञानबोध) प्राप्त भएझैं डार्बिनलाई जीव विकासको ज्ञानबोध ग्यालापागोस नामक टापुपुञ्जमा फिस्टेचरा (फिन्च)बाट प्राप्त भएको थियो । त्यो टापु र ती चरा डार्बिनका निम्ति बोधिवृक्ष ठहरिए । दक्षिण अमेरिकाको पश्चिमी तटबाट करिब १,००० किलोमिटर पश्चिममा, प्रशान्त महासागरको जलाशयमा ज्वालामुखीले निर्माण गरेका ती टापुहरू कालान्तरमा सेलाएपछि त्यहाँ वनस्पतिका उद्भिद पलाए । त्यहाँ पछि गएर अरू प्राणीले पनि वासस्थान पाउन थालेको सहज कल्पना गर्न सकिन्छ । तर डार्विनको चिन्तन मूलतः त्यस टापुपुञ्जमा १४ प्रजातिका फिस्टेचराहरू किन र कसरी उद्भव भए भन्ने विषयमै केन्द्रित थियो । वस्तुतः ती सबै चराका स्वरध्वनि समान थिए, प्वाँख र तिनको रङ पनि समानै थियो,गुँड हाल्ने तरिका पनि बेग्लै थिएन तर चुच्चोको आकृति भने प्रस्टसँगै भिन्न देखिन्थ्यो । चुच्चोकै आधारमा ती चौध प्रजाति छुट्टिएका थिए । कुनै प्रजातिका चुच्चो सामान्य भँगेराझैं भुइँबाट स-साना बीउकागेडा टिप्न सजिलो हुने खालको थियो भने कुनैको चुच्चो सुगाको बान्कीमा बाक्लो र बलियो देखि न्थ्यो । स्वाभावतः तिनीहरूले कडा फल पनि फोरेर खान सक्थे । कुनै फिस्टेचराको चुच्चो सुरिलो सुइरोझैं लामो थियो, जसले फूलको रस चुस्न सजिलो पार्थ्यो । कुनै प्रजातिमा भने कीराफट्याङ्गा टिप्न सजिलो पार्ने खालका चुच्चा मौजुद थिए । ती चौधै प्रजातिका फिस्टाहरू एकै प्रजातिको फिस्टोबाट उद्भव भएका र समयकोगतिसँगै तिनले खाने चारोअनुरूप चुच्चोको विकास हुँदै विभिन्न टापुहरूमा फैलिएको निष्कर्ष डार्विनले निकाले । प्रकृतिको छनोटमा ती फिस्टा मात्र छानिन सके जसले आहाराअनुरूप चुच्चोको विकास गर्न सके ।

यसै गरी त्यस टापुपुञ्जमा भेटिएका विभिन्न प्रजातिका जलकछुवाको आकारप्रकार पनि आहारा र वासस्थान अनुसार फरक थियो । त्यहाँको एक प्रकारको ठूलो कछुवाले पार्ने अण्डाबाट कोरलिएका सन्तानहरूमध्ये कसैकसैको गर्दन अरूको भन्दा लामो हुन्थ्यो । यस्ता कछुवाले सुक्खा अवस्थामा पनि झरबुटाका पात भेट्न सक्ने भएकोले भोकमरीमा नपर्ने तर छोटो गर्दनवाला बच्चा भने त्यस्तो बेला भोकैले मरेर लोप हुन सक्थे । प्रकृतिले सुक्खा जमिनका लागि लामो गर्दनवालालाई चयन गर्नु स्वाभाविक थियो । यही परिवृत्ति वंशाणुगत रूपमा परिमार्जन हुँदै गएर नयाँ प्रजातिको कछुवा बन्ने डार्बिनको निर्क्योल रह्यो ।

लामोलामो उडान भरेर माछा मार्दै नदी चहार्ने जलकौवा बिस्तारैग्यालापागोसको रैथाने भयो । त्यहाँ उसले बसीबसी प्रशस्त माछा खान थाल्यो । यसबाट उसको उड्ने क्षमतामा ह्रास आएर क्रमशः उड्न नसक्ने प्रजातिको जलकौवामा परिणत हुन पुग्यो भन्ने डार्विनको निष्कर्ष सबैका निम्ति चित्तबुझ्दो छ । प्रकृतिको छनोट प्रक्रियालाई अझ् रोचक बनाउने उदाहरण बेलायतको छिरबिरे निशापुतलीमा पाइन्छ । विगत सय वर्षभित्रको अवलोकनबाट के प्रमाणित भएको छ भने जुनबेला बेलायतमा धुवाँको प्रदूषणले शहर कालो थियो त्यस बखत कालो पुतलीको ज्यान बच्दथ्यो र सेता पुतलीहरू चराका आहार बन्ने गर्दथे । तर पछि प्रदूषण घट्दै गएपछि सेता पुतली रूखका बोक्रासँग रङ मिलाएर बाँच्न सक्ने भए भने ट्डकारै देखि ने काला पुतलीहरू चराका सजिला शिकार हुन थाले । फलस्वरूप सेता पुतलीको बाहुल्य बढ्दै गयो । यसप्रकारका उदाहरणबाट डार्विनको प्राकृतिक छनोट प्रक्रियाको अवधारणा अझप्रस्ट हुँदै आएको छ ।

हाम्रै नेपालमा पनि उच्च हिमाली क्षेत्रमा बस्ने शेर्पाजातिको रगतमा समुद्रसतहनिर बस्ने मानिसको भन्दा ३० प्रतिशत बढी रक्तकोषिका हुने हुनाले तिनले एकै सासमा धेरै हावा भर्न सक्ने क्षमता राख्दछन् । उनीहरूको छाती र फोक्सो अरूको भन्दा ठूलो पनि हुन्छ । यस्ता प्राकृतिक संयोजन (अनुकुलन) अरू प्राणी र जीव, वनस्पतिमा अनगिन्ती मात्रामा भेटिन्छन् । प्रतिस्पर्धात्मक क्षमता वृद्धिमा हरेक प्राणी हरदम क्रियाशील रहन्छन्, किनभने समयसँग सँगै सबै कुरा परिवर्तन भइरहेको हुन्छ र ती परिवर्तनहरू पूर्व निर्धारित लक्ष्यबाट अनुप्रेरित हुँदैनन् ।

प्रकृतिले आफ्नो अनुकूलको प्राणी चयन गरे जस्तै हाम्रा किसान दाजुभाइ, दिदीबहिनीहरू पनि आफूलाई फाइदा हुने रराम्रो नश्लको पशु र उन्नत बीउ छान्न सिपालु हुन्छन् । मान्छेले छनोट गर्दा आफ्नो निश्चित प्राप्तिलाई ध्यानमा राखेर पशुपन्छी वा बिरुवाको बीउ चयन गर्दछ । यस्तै चयनबाट अनेकौं प्रकारका धान र पशुपंछीका नश्ल सुधार गरिएको छ । यो चयनलाई कृत्रिम चयन भनिन्छ । प्रकृतिको छनोट भने लक्ष्यअनुरूप हुँदैन । उसको छनोटको भविष्य अनिश्चित हुन्छ । छनोट प्रक्रिया निरन्तर चल्दछ तर पूर्व निर्धारित हुँदैन ।

**अस्तित्वका लागि सङ्घर्ष र योग्यतमको बचावट**

डार्विनले प्राकृतिक छनोटको सिद्धान्तलाई प्राणी विकासको मूल कारण मान्दै आफ्ना निष्कर्षहरू निकालिरहेका बेला अर्का एक विद्वान् अल्फ्रेड रसल वालासले एउटा पुस्तकको पाण्डुलिपि डार्विन समक्ष टिप्पणीका लागि पठाएका थिए । त्यस पाण्डुलिपिको नाम थियो ‘अस्तित्वका लागि सङ्घर्ष’ । वालास मलायामा पृथकरुपले आफ्नै अनुसन्धान गर्दै थिए । यी दुवैको एकै सोच र एउटै निष्कर्ष देखियो । फलतः डार्विनले आफ्नो सिद्धान्तको प्रथम प्रकाशन (सन् १८५८) मा दुवैको नाम उल्लेख गरेर मोर्चा बनाए ।

डार्विन र वालासभन्दा ६० वर्ष पहिले सन् १७९८ मा अर्थशास्त्री माल्थसले जनसङ्ख्या वृद्धिको समस्यालाई लिएर प्रतिपादन गरेको सिद्धान्तले यी दुवै जीवशास्त्रीलाई प्रभावित पारेको थियो । माल्थसले “जनसङ्ख्याको वृद्धिदर ज्यामितिको घाताङ्क (गुणनफल) अनुसार अगाडि बढ्छ तर खाद्यसामग्रीको उत्पादन भने क्रमैले रेखात्मक रूपमा मात्र वृद्धि हुन सक्छ । यसर्थ विश्वमा त्यो दिन आउन धेरै समय लाग्ने छैन जब उत्पादन र जनसङ्ख्याको अनुपातमा ठूलो अन्तर आउँदछ ।” भनेर ठूलै हलचल पैदा गरेका थिए । माल्थसको यही कथनबाट प्रभावित भएर डार्विन र वालास जनसङ्ख्या वृद्धि वा कुनै प्रजातिको सङ्ख्या वृद्धिले गर्दा सङ्घर्ष अपरिहार्य हुन्छ भन्ने निर्क्योलमा पुगे । यहीबाट जीवप्राणीहरूबिचको सङ्घर्ष आफ्नै प्रजाति भित्रको वर्गीय सङ्घर्ष र विभिन्न प्रजातिबीच पनि अन्तरप्रजातीय सङ्घर्ष हुनु प्राकृतिक नियम नै हो भन्ने मान्यता स्थापित हुन पुग्यो । प्रतिस्पर्धा, सङ्घर्ष या सङ्ग्राम हुनुमा खाद्यवस्तु, वासस्थान र प्रजनन अवसरको अभाव मुख्य रूपमा देखिएतापनि जीवात्माहरूले आफ्नै वातावरणीय प्रभावसँग पनि सङ्घर्ष गर्नु पर्ने बाध्यता हरदम रहन्छ । यदि मानव मात्रले आफ्नो भौतिक एवं औद्योगिक विकासलाई प्रकृतिसम्मत राख्न सकेन भने भविष्यमा जलवायु परिवर्तन जस्ता प्रकोपको सामना गर्नु पर्ने हुन्छ । पृथ्वी सतहको तापमान जुनगतिमा वृद्धि हुँदैछ त्यसलाई आत्मसात् गर्ने क्षमता निर्माण गर्न आवश्यक समयावधि हामीलाई प्राप्त नहुन सक्छ । मानिसको जीवन-सङ्घर्ष अब अरू जीवात्मासँग होइन, बरु प्रकृतिसँगै हुने कुरा स्पष्ट हुन थालेको छ । ‘प्रकृति नै सबभन्दा ठूलो किताब र शिक्षक हो’ भन्ने चार्ल्स डार्बिनको अनुसन्धानको निचोड हो ।

*(शिक्षक मासिक, चैत २०६५बाट साभार)*

# कारखाना र पुँजीवाद

**मुरारि पराजुली**

हाम्रो खुन पसिनाले जोडेको
इमानको पञ्चामृत
घोप्ट्याएर मालिकको कोपरामा
गरिरहेछ ऊ तृप्तिको भक्षण
ऊ अर्थात् हाम्रो कारखानाको चाटुकार
ठीक यतिखेर
मालिकको कार्यकक्ष बाहिर खोलिएका
उनका मोजाको अप्रतिम सुगन्ध
सुँघिरहेछ धनुष्टंकार मुद्रामा
र कारखानामा उपस्थित हुन
ककसले विवशताको विलम्ब गऱ्यौं हामीहरूले
भरिरहेछ उसको चुक्ली पुस्तिकामा
हामीले गरेका
महान् गल्तीहरूको फेहरिस्त ।
हामीले नियमभित्र अलिकति मानवता
अलिकति विवेक
र अलिकति व्यवहारको
मानवीय सीमाना फैलाउन खोज्यौं
हाम्रो चाटुकार
नियमभित्र अधिनियम जोडेर
मान्छेले होइन नियम बनाउने
नियमले आफैं मान्छे बनाउँछ
पैरवी गऱ्यो मालिकका कानमा
बस् !
अपराधी अदालतले
हाम्रा विवेकका मस्तिष्कमाथि
अराजकताको आरोप थोपऱ्यो
हाम्रा मानवताको मुटुलाई
मनमौजीको दोषारोपण दऱ्यो
व्यावहारिकताको हाम्रो प्रश्नमाथि
अशिष्टताको अपराध आरोपण गऱ्यो
मान्छेबाट मान्छे हराउनु
र चाकडीबाट चुली चढ्नु
कारखानाका निम्ति बिल्कुल अहितमा छ
हामीले फेरि पनि सम्झायौं
तर कारखानाका मालिक र चाटुकारको
यो अभेद्य गठबन्धनले
अस्वीकार गऱ्यो याचनालाई
फेरि पनि निरन्तर चलिरह्यो
चाटुकारले चुक्ली लगाइरहने
मालिकले सगर्व पत्याइरहने
शक्तिशृङ्खलाको
यो अनवरत अनुष्ठान
त्यतिञ्जेलसम्म धराशयी भएन
जबसम्म
इमानले उठेको हाम्रो कारखाना
रगतपसिनाले ठडिएको हाम्रो कारखाना
विवेक, मानवता र व्यवहारले चल्दै थियो ।

कविता

# कविताको व्याप्ती

**बालकृष्ण सम**

एक साधु ठूलो डालो लिएर
कविता बटुल्न वनतिर लाग्यो,
डाँडाकाँडा, खोलानाला, लेकबेँसी सबैतिर दौड्यो,
छाँगोपाँगो, फलफूल, सागपात जताततैकति खोज्यो,
कतै पाएन,
उसले ठान्यो– कवितासविताको ऋतु त्यो हैन रहेछस
हताश भई फर्कन लागेको उसलाई एक रसिकले भेट्यो ।
प्रश्न सुनिसकी रसिक बोल्यो– ‘कहाँ छ जहाँ कविता छैन,
शुष्क आँखाले हेर्योक भने त त्यै झरना पनि नीरस छ,
त्यो रौझैं जोबन झरिरहेको शून्यमात्रको उद्घोष छ,
क्यैपछि पानी सब निख्रन्छ र त्यो पाखोखल्वाट हुन्छ ।
तर साधु, अनुरागले आफ्नो छाती लिपिहेर,
ठाँटो जमिकनसम्म भएको रक्त-हृदयको सतहमाथि
दुःखी संसारको चोट एकत्रित पारी
उच्छ्वासले शक्ति प्रहार गर,
अनि अनुभूतको छाल उठाई मस्तकसम्मन् छिटा पठाऊ,
आँखा जलजल रसिलो भएपछि सबै नियाली हेर,
सहानुभूतिले नानीलाई सूक्ष्मदर्शक पार,
अनि त ढुङ्गाका नसा-नसामा पनि रगत चलिरहेको देख्छौं,
पत्थरको मुटु छाम्न सक्दछौं,
अनि पहराले रस बहाउँछ,
तिमी कविता पाउँछौ, पिउँछौं ।’
यति भनेर घामको मइनझैं
रसिक लत्याकलुतुक भै पग्ल्यो, साधुको आँखा पनि पग्ल्यो,
रूखहरू खोटोझैं पग्ले, फलफूल महझैं पग्ले,
हरिया फाँट पोखरीझैं पग्ले,
समस्त ब्रह्माण्ड हिउँझैं पग्ल्यो, आकाशगङ्गा भै पग्ल्यो,
ताराहरू सारा जलबिन्दु बने,
साधुले आफूलाई आफैंजत्रो आँसुको एक थोपो पाए,
अनि दिग्दिगन्त विश्वभरि नै अणु-अणुको गर्भान्तरमा उनले
प्रलय घनघोर गर्जनमा ओतप्रोत भएर
कविता उर्लिरहेको पाए ।

# मेरो विद्यालय मेरो दायित्व शैक्षिक कार्यक्रम सुरु



**कृष्ण पोखरेल**

*पाल्पा*

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि लुम्बिनी प्रदेश सरकारले लागू गरेको 'मेरो विद्यालय, मेरो दायित्व'अभियान पाल्पामा सुरु भएको छ। लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयले सुरु गरेको कार्यक्रम प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले जनता माध्यमिक विद्यालय तानसेन पाल्पाबाट शुभारम्भ गरेका छन् । स्वास्थ्यमन्त्री सारुले जनता मावि तानसेन पाल्पामा माध्यमिकतहको विद्यालय शिक्षा अध्ययन गरेका थिए।

खोलो तऱ्यो लौरो बिर्सियो प्रवृत्ति हामी नेपालीहरुमा भएकोले, जनतालाई आफू पढेको विद्यालयप्रति जिम्मेवार बनाउन सकिए सामुदायिक विद्यालयको गुणस्तरमा सुधार, आर्थिक अवस्थामा सुधार, पूर्वाधारमा सुधार गर्न सकिने अभिप्रायले मेरो विद्यालय मेरो दायित्व शैक्षिक कार्यक्रम सुरु गरेको स्वास्थ्यमन्त्री सारुले बताए। आफूले पढेको जनता माविलाई विगतमा पनि सहयोग गर्दै आएको र आगामी दिनमा पनि मन, बचन, कर्मले सहयोग गर्ने मन्त्री सारुले बताए।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न पूर्व विद्यार्थी, जनप्रतिनिधिदेखि अभिभावकसम्मलाई आफ्नो दायित्व अनुभूति गराउन 'मेरो विद्यालय, मेरो दायित्व'अभियान सञ्चालन गरिएको लुम्बिनी प्रदेश सरकारले जनाएको छ। प्रदेश सरकारले सामुदायिक विद्यालयप्रति चासो र दायित्वबोध गराउने अभियानको मुख्य उद्देश्य रहेको छ।

जेभीटीबाट अध्ययन गरेका पूर्व विद्यार्थीहरुले आफ्नो विद्यालय, आफ्नो दायित्व सम्झेर धेरै ठूला ठूला सहयोग गरेका छन् र आगामी दिनमा पनि सहयोग हुने विश्वासमा विद्यालय परिवार रहेको र सोहीअनुसारको गुणस्तरीय शिक्षा प्रदानको लागि आवश्यक पूर्वाधार निर्माणदेखि शैक्षिक वातावरण बनाउन विद्यालय व्यबस्थापन समिति, शिक्षक अविभावक संघ, शिक्षक कर्मचारी खटिएको र जिल्लाकै उत्कृष्ट विद्यालय बनाउन सफल भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामजी पोखरेलले बताए । यो अभियानबाट जेभीटीलाई अझैं माथि लैजान सहयोग पुग्ने विद्यालयका अध्यक्ष पोखरेलले जनाए।

पूर्वविद्यार्थीले चाहेको अवस्थामा विद्यालयमा धेरै सुविधा र सुधारका कामहरु हुने विभिन्न विद्यालयहरुका केही व्यक्तिले गरेको सहयोगबाट देखिएकोले यो अभियान सफल हुनेमा विद्यालयका प्रधानाध्यापक हरिप्रसाद घिमिरेले बताए । मेरो विद्यालय मेरो दायित्व अभियानमा प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदी, तानसेन नगरपालिका-३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, विद्यालयका पूर्व प्रधानाध्यापकहरु बुद्धिप्रसाद शर्मा, मेघराज पौड्याल, विद्यालयका पूर्व विद्यार्थी समाजका सचिव सन्तोषलाल खनालले यो अभियानले विद्यालयको भौतिक शैक्षिक प्रगतीमा सहयोग पुऱ्याउने, पूर्व विद्यार्थीहरुलाई उत्तरदायी बनाउने बताए । लुम्बिनी प्रदेश सरकारले प्रदेशभित्रका सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न 'मेरो विद्यालय, मेरो दायित्व'अभियान फागुन ९ गते शुक्रबारदेखि १२ वटै जिल्लाका १५ वटा विद्यालयमा एकै साथ सुरु गरेको छ। मुख्यमन्त्री, मन्त्री, दुई पूर्वमुख्यमन्त्री, प्रदेश प्रमुख सचिव र प्रदेशसभाका जनप्रतिनिधि आफूले अध्ययन थालेको विद्यालयमा पुगी अभियान सुरु गरेका छन्।

मुख्यमन्त्रीसहित सबै मन्त्री र पूर्वविशिष्टलाई पूर्वविद्यार्थीको हैसियतमा अभियानमा जोडेर सामुदायिक विद्यालयको गुणस्तर सुधारको प्रयास सुरु गरिएको सामाजिक विकास मन्त्रालयका प्रतिनिधि सुरेन्द्र पौड्यालले बताए। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारले ग्रामीण क्षेत्रको बसाइँसराइ रोक्ने, चर्को शुल्कमा निजीमा पढाउने प्रतिस्पर्धा न्यूनीकरण गर्ने भएकाले पूर्वविद्यार्थी, जनप्रतिनिधिदेखि अभिभावकसम्मलाई आफ्नो दायित्व अनुभूति गराउन अभियान ल्याइएको मन्त्रालयका प्रतिनिधि पौडेलले जानकारी गराए।

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सामाजिक विकास डिभिजन कार्यालय पाल्पाको आयोजना र जनता नमूना विद्यालयको सह- आयोजनामा भएको कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामजी पोखरेलको अध्यक्षता, विद्यालयका प्रअ हरिप्रसाद घिमिरेको स्वागत, शिक्षक रामप्रसाद ढकालको सञ्चालनमा भएको थियो।

प्रधानमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय छनोटः

## बाँके ६९ रनले विजयी

भैरहवा। प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय छनोट खेलमा बाँकेले जित हात पारेको छ। छनोट खेलअन्तर्गत शुक्रबार भएको खेलमा कपिलवस्तुलाई ६९ रनले पराजित गर्दै बाँकेले जित निकालेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको बाँकेले निर्धारित ५० ओभरमा ३६ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर १ सय ५६ रन बनायो। उसका लागि रोशन केसीले अविजित ४५ रन जोडे। यस्तै, सुनिल भण्डारीले ४५, सादब अन्सारीले १५ र समसुद्दिन अन्सारीले ११ रन बनाए। बलिङमा कपिलवस्तुका राज अग्रहरीले ६ तथा महेश भर र प्रयासदेव गैरेले समान २-२ विकेट लिए।

जवाफी ब्याटिङ गरेको कपिलवस्तु २४ ओभर १ बलमा अलआउट हुँदै जम्मा ८७ रन मात्रै बनायो।

उसलाई सस्तैमा रोक्न बलिङमा बाँकेका विजय चौधरीले ५ तथा सिद्धान्तराज शाहीले ३ विकेट लिन सफल भए। कपिलवस्तुका शिवकुमार मौर्यले २०, शिव कुँवरले १७ र प्रतीक भट्टराईले १२ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिम पराजित थयो । खेलमा बाँकेका विजय चौधरी प्लेयर अफ द म्याच भए।

यही फागुन २५ देखि भैरहवाको सिद्धार्थ रंगशाला, तिलोत्तमाको एक्स्ट्राटेक र लमही राष्ट्रिय क्रिकेट मैदानमा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ । उक्त प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोटका लागि जिल्लास्तरको छनोट खेल सुरु भएको हो।

रुपन्देही, पश्चिम नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बाँके र बर्दिया गरी ७ जिल्लाका टिम सहभागी छनोट खेलबाट प्रत्येक जिल्लाका उत्कृष्ट खेलाडी छनोट गरी लुम्बिनी प्रदेशको एउटा टिम बनाइने प्रादेशिक क्रिकेट संघ लुम्बिनी प्रदेशका अध्यक्ष सञ्जय गुरुङले जानकारी दिए।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरून् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

हार्दिक समवेदना



जन्मः २०२४/०८/२९

स्वर्गारोहणः २०८१/१०/२८

स्व. मनोज उपाध्याय

यस वितीय संस्थाका संस्थापक शेयर धनी **मनोज उपाध्याय**को यही मिति २०८१।१०।२८ गते ५७ वर्षको उमेरमा भएको असामायिक निधनले हामी सबै स्तव्ध भएका छौं । शोकको यस घडीको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं साथै शोकसंतप्त परिवाजनमा यो पीडा सहन् गर्न सक्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अध्यक्ष
(एवं)
उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited
परिवार, सिद्धार्थनगर नगरपालिका– १२, रुपन्देही

SHIVRAJ MUNICIPALITY
Office Of the Municipal Executive
Chandrauta, kapilvastu
Lumbini province, Nepal

Invitation For Sealed Quotation

First Date of Publication: 2025-02-22

Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of Stationery and Miscellaneous Items Sealed Quotation No: SM/GOODS/2081/82/41

1. The Shivraj Municipality Office invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Stationery and Miscellaneous Items.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Form sat the office of Shivraj Municipality,Chandrauta, Kapilvastu, Lumbini Province, Nepal Phone No 076 540147 / 9857014758 or www.shivrajmunicipality.com
3. A complete set of Bidding Documents may be purchased from the office Shivraj Municipality, Chandrauta kapilvstu Lumbini Province Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, tax clearance of F/Y 080/081 and upon payment of a non-refundable fee of NRs.1000.0 till 09-03-2025 during office hours.

i. Name of the Bank: Nepal Bank Ltd.ii. Name of Office: Shivraj Municipality
iii. Office Code no: 801054906 iv. Office Account No:22803000001001000001
v. Rajaswa (revenue) Shirshak No: 14229

4. Sealed bids must be submitted to the office of Shivraj Municipality Chandrauta Kapilvastu Lumbini Province Nepal by hand before 10-03-2025 12:00.Bids received after this deadline will be rejected.
5.The bids will be opened in the presence of Bidders' representatives who chooseto attend at10-03-2025 14:00 at the office of Shivraj Municipality Chandrauta Kapilvastu Lumbini Province Nepal Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs 40000, which shall be valid for 30 days beyond the validity period of the bid(i.e.[Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.22803000003000000001 at Nepal Bank Ltd., Chandrauta, Kapilvastu and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
7.The Purchaser reserves the right to accept or reject,wholly or partly any or all the Sealed Quotations with out assigning any reason, whatsoever.

BinayiTribeni Rural Municipality
Office of Rural Municipal Executive
Nawalparasi (East of BardghatSusta), Dumkibas
Gandaki Province, Nepal

**First Date of publication: 2081/10/15, (28th ,Jan, 2025)**

**Second Date of publication : 2081/11/10, (21st ,Feb, 2025)**

Office of BinayiTribeni Rural Municipalityinvites Hard Copy bids from eligible bidders for the following goods under Seal Quatation procedures.

| S.N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 18/BTRM/SQ/ Goods/2081-082 | Procurement of Purchasing Essential Veterinary Drugs | 1240983.51 | 37230.00 | 1000.00 | 2081/11/24 (8th, March, 2025) Before 12:00 | 45 Days | 2081/11/18 (2nd, March, 2025) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata : 00815413078 | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: BinayiTribeniRural Municipality, Nawalparasi(East) BinayiTribeniGaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# पामिरमा एकदिने एक्स्पो



तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा-२ जानकीनगरमा रहेको पामिर इण्टरनेशनल एकेडेमीले एकदिने पामिर एक्स्पो सम्पन्न गरेको छ । शुक्रवार विद्यालय प्रांगणमा एकसाथ आर्ट एक्स्पो, फुड फेस्टिभल तथा विज्ञान प्रदर्शनीको आयोजना गरिएको हो ।

मेलाले विद्यार्थीहरु माझ लुकेर रहेका प्रतिभा प्रस्फुटन गर्न मद्दत पुऱ्याउने विद्यालयका प्राचार्य गोपाल गौतमले बताए ।एक्स्पोमा कक्षा ५ देखि ९ सम्मका विद्यार्थीहरुले विभिन्न स्टलमा फुड्कोट, कला तथा विज्ञान प्रदर्शनीको आयोजना गरेका थिए । सो प्रदर्शनीमा शिक्षक अभिभावक तथा विद्यार्थीहरुले स्टलमा राखिएका बस्तु तथा सेवाहरुको अवलोकन गर्नुका साथै बिक्री समेत गरेका थिए ।

एक्स्पोले विद्यार्थीको अन्तरनिहित प्रतिभाको प्रस्फुटनसँगै व्यावहारिक शिक्षाका लागि मद्दत पुऱ्याउने विद्यालयका अध्यक्ष मोहन चापागाईंको भनाइ छ । एक्स्पोका लागि अभिभावक तथा विद्यार्थीहरूको रेस्पोन्स राम्रो रहेकोले आगामी वर्ष अझैं वृहत् तरिकाले एक्सपोको आयोजना गर्ने उनले जानकारी दिए ।

विद्यालयले आफ्नो शैक्षिक क्यालेन्डर अनुसार माघ १८ गते वार्षिकोत्सव सम्पन्न गरेको थियो । एक्सपोको सञ्चालन कक्षा ९ का प्रतिज्ञा सुवेदी र इशा पाण्डेले गरेका थिए ।

यस क्षेत्रमै ख्याति कमाएको पामिर इण्टरनेशनलमा पीजी ग्रुपदेखि कक्षा १० सम्म अध्ययन हुँदै आएको छ । एक्सोमा विद्यार्थीहरुले विभिन्न साँस्कृतिक प्रस्तुति समेत दिएका थिए ।

# पौडेल वंश महासंघ रूपन्देहीको अन्तर्क्रिया



बुटवल । पौडेल वंश महासंघ जिल्ला कार्यसमिति रुपन्देहीको भेला तथा अन्तरक्रिया शुक्रबार बुटवलमा सम्पन्न भएको छ ।

कार्यक्रममा महासंघका केन्द्रीय अध्यक्ष हरिराम पौडेलले समग्र पौडेल बन्धुहरुको एकता र हित तथा वंशको संरक्षण तथा सम्बर्द्धनका बारेमा प्रकाश पारे ।

केन्द्रीय वरिष्ठ उपाध्यक्ष शालिकारम पौडेलले महासंघको गठनको आवश्यकता तथा औचित्यबारे प्रकाश पारे ।

केन्द्रीय उपााध्यक्ष दीपक प्रसाद पौडेलले पौडेलहरुको कूल पूजा विधि सम्बन्धमा उठेका जिज्ञासा र प्रश्नबारे प्रष्ट पारे । महासंघका केन्द्रीय सदस्य तथा वंशावली संयोजक कृष्णप्रसाद पौडेलले वंशावलीको महत्वबारे प्रकाश पारे । भेलामा पौडेल वंश महासंघ प्रदेश अध्यक्ष टेकराज पौडेल,

रुपन्देहीअध्यक्ष झबिन्द्र प्रसाद पौडेल, जिल्ला सचिव नुमेन्द्र पौडेल,प्रदेश समितिका वरिष्ठ सल्लाहकार चुन्नप्रसाद पौडेल,प्रदेश सदस्य फर्शुराम पौडेल लगायतले पौडेलहरुको एकतामा जोड दिएका थिए ।

# आजदेखि बुटवलमा ललितकला प्रदर्शनी

बुटवल । बुटवलमा आजदेखि ललितकला प्रदर्शनी शुरु हुँदैछ । सामाजिक रुपान्तरण ललितकलाको अभियान भन्ने नाराका साथ फागुन१४ गतेसम्म ललितकला प्रदर्शनी आयोजना गर्न लागिएको हो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजना र नेपाल व्यवसायिक कलाकार संघ रुपन्देहीको सह-आयोजनामा हुनेप्रदर्शनीमा १ सय बढी कलाकारहरुले सिर्जना गरेका करिब दुई सय वटा चित्रकला, मूर्तिकला, हस्तकला, लोककला, कार्टुनकला, फोटोग्राफी कलाकृति प्रदर्शन गरिने मूर्तिकला विभाग प्रमुख प्राज्ञ दिनेश्वर महतोले जानकारी गराए ।

कलाकृतिहरुले दर्शकलाई सौन्दर्यबोध गराउनुका साथै समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने र स्थानीय कलाकारहरुको प्रतिभा उजगार गर्ने महतोले बताए ।

ललितकला प्रदर्शनी कार्यक्रम सम्पन्न गर्न करिब १० लाख खर्च हुने र प्रदर्शनीमा सहभागी कलाकारहरुका उत्कृष्टकला कृतिहरुलाई छनोट गरी पुरस्कृत गरिने छ । अहिलेको कला प्रदर्शनीमा १ लाख राशीको सर्वोकृष्ट राष्ट्रिय ललितकला पुरस्कार, ६० हजार राशीको ललितकला विधागत पुरस्कार प्रदान गरिने छ । ललितकला विधागत पुरस्कारतर्फ परम्परागत चित्रकला, समसामयिक र आधुनिक चित्रकला, परम्परागत मूर्तिकला, समसामयिक र आधुनिक मूतिृकला, शिल्पकला, हस्तकला, वास्तुकला र लोकल बहुआयामिक कलाका साथै अन्य सिर्जनात्मक कलामा कलाकारहरुलाई पुरस्कृत गरिने नेपाल व्यवसायिक कलाकार संघका अध्यक्ष तथा कार्यक्रम सहसंयोजक दिलिप रसालीले जानकारी गराए ।

लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनीका लागि लुम्बिनी प्रदेश सरकारले सामान्य प्रतिबद्धतासमेत जनाउन नसकेको आयोजकहरुले गुनासो गरेका छन् ।

बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, रामग्राम नगरपालिकाको आर्थिक सहयोगमा ललितकला प्रदर्शनी हुने कलाकार एचबी रम्तेलले बताए ।

# स्कलर्स होममा बाल प्रतिभा महोत्सव



बुटवल । स्कलर्स होम बोर्डिङ स्कुल बुटवलमा बाल प्रतिभा महोत्सव सम्पन्न भएको छ । कार्यक्रममा विविध साँस्कृतिक कार्यक्रम, फेस आर्ट, तक्वान्दो प्रदर्शन, खाना प्रदर्शनी, पुस्तक प्रदर्शनी र विज्ञान प्रदर्शनी भएका थिए । शैक्षिक गुणस्तरका साथै अतिरिक्त क्रियाकलापमा समेत अगाडि रहेको विद्यालयमा बाल महोत्सवको अवसरमा कक्षा पि.जी.देखि यु.के.जी.सम्मका झण्डै सय बढी हजुरबुबा र हजुरआमालाई सम्मान गरिएको प्राचार्य बाबुराम बञ्जाडेले बताए ।

जेष्ठ सदस्य ८५ वर्षीय श्यामलाल अर्याल र ७३ वर्षीय चन्द्रकला खत्रीलाई विशेष सम्मान समेत गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनहरि बस्याल, बुटवल ९ का वडाध्यक्ष प्रदीपकुमार श्रेष्ठ, सह-प्राध्यापक टीकाराम गौतम र सांस्कृतिक संयोजक दिलकुमारी उपाध्यायलगायतले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञान सिकाउने मात्र नभई संस्कारसहितको शिक्षा सिकाउने कुरामा कुनै कसर बाँकी नराख्ने बताएका थिए ।

झण्डै ८ सय वद्यार्थी सम्मिलित कार्यक्रममा प्रा.वि.संयोजक कमला पाण्डे, मा.वि. संयोजक शोभारानी प्रधान, अतिरिक्त क्रियाकलाप प्रमुख मनुकान्त क्षेत्री, सावित्रा पन्थी, नेत्रप्रसाद भट्टराई, सिर्जना गौतमलगायतले सहजीकरण गरेका थिए । विज्ञान प्रयोगशालामा विज्ञान शिक्षक प्रदीप देवकोटा, एलिना बर्माले विद्यार्थीलाई सामग्री प्रदर्शनीमा सहजकर्ताको भूमिका निर्वाह गरेका थिए ।

# बुटवल पब्लिक स्कूलद्वारा सिद्धार्थ बालगृहलाई सहयोग

तिलोत्तमा । रुपन्देहीको सिद्धार्थनगर -८ र मायादेवी गाउँपालिका-८ को सिमानामा लुम्बिनी रोड नजिकै रहेको सिद्धार्थ बाल गृहलाई बुटवल पब्लिक स्कूल तिलोत्तमा-३ ले आर्थिक सहयोग गरेको छ ।

२२औं वार्षिकोत्सवको अवसरमा तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण र विद्यालयका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसालले बाल गृहकी सञ्चालक कृष्णमाया गुरुङलाई १५ हजार रुपैयाँ प्रदान गरेका हुन् । सो अवसरमा अनाथ बालबालिकाको पालनपोषण र शिक्षा दिक्षा दिएर सामाजिक क्षेत्रमा योगदान गरेबापत बालगृहकी सञ्चालक कृष्णमाया गुरुङलाई कदरपत्रले सम्मान गरिएको थियो ।

विद्यालयको सहयोग र सम्मानले आफूलाई मानवीय सेवामा खटिन हौसला मिलेको गुरुङले बताइन् । सम्मान पाउँदा उनी भावुक बन्दै आंशु थाम्न सकेकी थिइनन् ।

बाल गृहको आफ्नो भवन नहुँदा भाडा तिरेर बस्नुपर्दा आर्थिक अभाव झेल्दै आएको गुरुङले गुनासो गरिन् ।

स्थानीय तहसँग भवन बनाउने जग्गा माग गर्दै पटक-पटक धाए पनि कसैले नदिएको गुरुङको गुनासो छ । बाल गृहमा ७ बालक र १२ बालिका बस्दै आएका गुरुङले बताइन् । आफू समेत ४ जनाले स्वयंसेवीका रुपमा उनीहरुलाई लालनपालन गरिरहेको उनले बताइन् । बाल गृहमा १८ वर्ष उमेर मुनिका बालबालिका बस्दै आएका छन् ।

बुटवल पब्लिक स्कूलका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसालले बाल गृहलाई घर भाडा तिर्न आर्थिक अभाव हुने गरेको समस्या थाहा पाएपछि आर्थिक सहयोग गरेको र भविष्यमा पनि सक्दो सहयोग गर्दै जाने बताए ।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# लुम्बिनी बोर्डिङ स्कुलको ३१औं वार्षिकोत्सव सम्पन्न



बुटवल । शैक्षिक जगतमा छुट्टै पहिचान कायम राख्न सफल बुटवल-३, चिडियाखोलामा रहेको लुम्बिनी बोर्डिङ स्कुलको ३१औं वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोह २०८१ सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै बुटवल उप-हानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले शिक्षा क्षेत्रमा निजी विद्यालयहरुको भूमिका महत्वपूर्ण रहेको बताए ।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले राज्यले निजी विद्यालयहरुमाथि विभेद गरेकोमा सर्वोच्च अदालतले न्याय दिएको बताए ।

उच्च शिक्षा अध्ययनमा दिइने छात्रवृत्ति निजी विद्यालयका विद्यार्थीले पनि पाउने फैसला गरेपछि निजी विद्यालयमा विद्यार्थीको आकर्षण बढ्न थालेको उनले बताए ।

विद्यालयका प्राचार्य एवं प्याब्सन लुम्बिनीका अध्यक्ष लालहरि पाण्डेले राज्यको सौतेलो व्यवहार र अस्थिर शिक्षा नीतिले निजी विद्यालयहरु सधैं अन्यौलमा बस्नुपर्ने वाध्यताका बिच चुनौती सामना गरेर अघि बढेको रहेको बताए ।

कार्यक्रममा विद्यालय सञ्चालक समितिका अध्यक्ष दयाराम बस्याल, कामधेनु गौसाला रुपन्देही प्रमुख सोमराज जी महाराज, अभिभावक संघ लुम्बिनी प्रदेशका अध्यक्ष हेम थापा, विद्यालयका सह-प्राचार्य कोशलराज बस्याल, विद्यालयका संयोजक एवम् शिक्षक सुदिप बस्यालले आ-आफ्ना भनाइ राखेका थिए ।

सो अवसरमा नगर, जिल्ला र राष्ट्रियस्तरमा विभिन्न प्रतियोगिताहरुमा उपाधि विजेता र उत्कृष्ट स्थान हासिल गरेका विद्यार्थीहरू, एस.ई.ई. २०७९ र २०८० मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु, शैक्षिक सत्र २०७९ र २०८० मा कक्षा ९ सम्म विभिन्न उत्कृष्ट स्थान हाँसिल गर्ने विद्यार्थीहरू पुरस्कृत भएका थिए ।

त्यसैगरी एस.ई.ई २०८० मा अधिकतम् विद्यार्थी ए प्लससहित शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल विषय शिक्षकहरु र विद्यालयमा पाँच वर्षभन्दा धेरै अवधिसम्म सेवारत शिक्षक एवम् कर्मचारीहरुलाई प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो । वार्षिकोत्सवका अवसरमा विद्यार्थीहरुले देशभक्ति भावनाले ओतप्रोत गीतमा नृत्य, लोक नृत्य, नाटकहरु, कविता, विभिन्न गीत र तेक्वान्डो काता प्रस्तुत गर्नुका साथै आ-आफ्ना कला र सिर्जनाहरू प्रदर्शन गरेका थिए ।


## साइबर अपराधबाट बचौं

- सामाजिक सञ्जाल वा अन्य माध्यमबाट अश्लिल श्रव्य, दृश्य वा श्रव्यदृष्य पोट वा शेयर लाइक नगरौं ।
-सामाजिक सञ्जालमार्फत कसैको चरित्र हत्या नगरौं ।
-सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं ।
-सामाजिक सञ्जालमार्फत गालीगलौज नगरौं ।
-सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं ।
-विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं । यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारबाही हुन्छ । कानूनी कार बाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड


## Malarani Rural Municipality

Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

## Invitation for Bids

Date of publication: 21-February, 2025 (2081/11/09)

Malarani Rural Municipality, Khanadaha Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods/procurement of works as mentioned below:

| IFB No. | Contract Name | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Estimated Amount (Exclusive of VAT & Contingencies) (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Upgradation of Nubalitola-Chudarikheta-Thama-Khorkaneta Motorable road, Malarani-04 | 3000 | 1,25,000.00 | 4,202,798.07 | 24/03/2025 12:00 (2081/12/11) |
| 2 | Upgradation of Khana deurali -Shita (Bakhrashrot kendra) -Gurasey-Karki chwok Motorable road, Malarani-04 and 05 | 3000 | 4,37,500.00 | 1,50,43,607.05 | 24/03/2025 12:00 (2081/12/11) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.

## विनयी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

नवलपरासी,बर्दघाट सुस्तापुर्व
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/११/१०

यस कार्यालयबाट विभिन्न मितिमा आवहान भएको ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क.बाहेक सहित) |
|---|---|---|---|---|
| १ | 06/NCB/Rev/BT/2081-082 | पुल माथि, मझुवा र मसानमझुवा | Dumkibas Screening pvt ltd.Nawalpur | १६६४५६०.०० |
| २ | 44/BTRM/NCB/Works/2081-082 | रुख कटान, मुछान, नम्बरिङ्ग, ढुवानी, घाटगद्धी तथा पाईलिङ सम्बन्धि कामको विवरण (काठ घ. फिट र दाउरा चट्टा) | रमेश सिह ठगुना, कावासोती १ | ११८९१५.६३ |

प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com